# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ हवानामा हुने "प्रिभेन्सन अफ क्राइम एण्ड ट्रीटमेन्ट अफ अफेन्डर्स" विषयक आठौं यू. एन. कंग्रेसमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा. गजेन्द्रमणि प्रधानलाई मिति २०४७।५।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले राष्ट्रिय योजना आयोगका तत्कालीन सह-सदस्य सचिव श्री मधुसूदन ढकालले आफ्नो पदबाट दिनुभएको राजिनामा २०४७।४।१ गतेदेखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना ३

उद्योग मन्त्रालयका सचिव श्री भुवनेश्वर खत्री २०४७।५।११ गतेदेखि २०४७।६।९ गतेसम्म घर बिदामा बस्नु हुने भएकोले सो अवधिका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गणपतलाल राजभण्डारीलाई मिति २०४७।५।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।